

# अर्थ



आव २०७५/०७६ का लागि स्रोत बाँडफाँड गर्दा कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण, पर्यटन प्रवर्द्धन र विकास, ऊर्जा र पूर्वाधार विकास, स्वास्थ्यमा सरल र सहज पहुँच, शिक्षाको गुणस्तर विकास, वन र वातावरण संरक्षण, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार, औद्योगिकीकरण र उत्पादकत्व वृद्धि, साझेदारी कार्यक्रम र एकीकृत वस्ती विकासलाई प्राथमिकतामा राखिएको छ।


ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| सिमरा, बिरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०।१० | ८७।१० | ९०।१० | ९०।१० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार २०, जुलाई ४, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।४३ | ११०।०३ |
| युरो १ को रू. | १२७।५४ | १२८।२४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।३३ | १४५।१२ |
| स्विस फ्रन्क १ को रू. | ११०।१३ | ११०।७४ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।९२ | ८१।३६ |
| क्यानाडियन डलर १ को रू. | ८३।२१ | ८३।६७ |
| सिङ्गापुर डलर १ को रू. | ८०।११ | ८०।५५ |
| जापानी यन १० को रू. | ९।८७ | ९।९३ |
| चिनियाँ युआन १ को रू. | १६।४५ | १६।५४ |
| साउदी अरब रियाल १ को रू. | २९।१८ | २९।३४ |
| कतारी रियाल १ को रू. | ३०।०४ | ३०।२० |
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।७९ | २९।९६ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०७ | २७।२२ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८२ | ९।८७ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३७ |
| डेनिस क्रानर १ का रू. | १७।१२ |
| हङकङ डलर १ का रू. | १३।९५ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# प्रिमियम मूल्य निर्धारण प्रक्रियामा संशोधन

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल धितोपत्र बोर्डले अन्तर्राष्ट्रिय अभ्यास अनुरुप प्रिमियम मूल्य निर्धारण प्रक्रियालाई व्यवस्थित बनाउन भन्दै धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मार्फत थप सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण विधि परिमार्जन गरेको छ।

बोर्डले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन तथा थप सार्वजनिक निष्काशनमा प्रिमियम मूल्य निर्धारण गर्दा संस्थाको पुँजीकृत खुद नाफा, भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो), संस्थाको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण अनुसारको प्रतिशेयर खुद सम्पत्ति र १ सय ८० दिनको औसतबजार मूल्य विधिबाट प्राप्त हुने मूल्यहरूको कूल मूल्यको सामान्य औसत गणना गरी प्रिमियम मूल्य निर्धारण गरिनुपर्ने जनाएको छ। केही संस्थाहरूले आफूखुशी प्रिमियम मूल्य निर्धारण गर्ने गरेको भन्दै बोर्डले प्रिमियम मूल्य निर्धारणलाई पारदर्शी र यथार्थपरक बनाउन अन्तर्राष्ट्रिय अभ्यासलाई लागू गरिनुपर्ने जनाएको हो।

प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्दा एफपीओको मूल्य निर्धारण गर्न तत्कालीन धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ र धितोपत्र निष्काशन निर्देशिका, २०६७ मा स्पष्ट व्यवस्था देखिँदैन। यस्तो अवस्थामा संगठित संस्थाले आफ्नै विधि तथा तरिकाबाट प्रिमियम मूल्य निर्धारण गर्ने गरेको र कतिपय संगठित संस्थाले अस्वाभाविक प्रिमियम मूल्य निर्धारण गरी प्रस्ताव गर्ने गरेका छन्।

नयाँ व्यवस्थाअनुसार निर्धारण गरिएको प्रिमियम मूल्य र मूल्य निर्धारण गर्दा अपनाइएको विधि, औचित्य र औचित्यलाई पुष्टि गर्ने गरी संगठित संस्थाभन्दा बाहिरका विज्ञ वा विज्ञ संस्थाबाट ड्यू डेलिजेन्स अडिट गरिएको विवरणलाई संगठित संस्थाको लेखापरीक्षकबाट समेत प्रमाणित गराउनुपर्ने व्यवस्था गरिएको छ। साथै प्रिमियम मूल्यको यथार्थपरक विश्लेषणका लागि प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्दा सम्पूर्ण धितोपत्रको प्रत्याभूत गराउनुपर्ने व्यवस्था संशोधित निर्देशिकामा गरिएको छ।

पुँजी बजारमार्फत पुँजी परिचालन गर्न सरकार तथा र बोर्डले प्रोत्साहनमूलक नीति अपनाएको छ। सरकारले बजेट मार्फत धितोपत्र बजारमा सूचीकृत हुने उत्पादनशील क्षेत्रका कम्पनीलाई आयकरमा १५ प्रतिशत विशेष छुट दिने व्यवस्था गरेको छ। सोही अनुरुप बोर्डले पनि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लागू गरी प्रिमियमसहितको मूल्यमा सार्वजनिक निष्काशन गर्न सकिने र जारी पुँजीको न्यूनतम १० प्रतिशतमात्र सार्वजनिक निष्काशन गरे पुग्ने व्यवस्था गरेको छ।

बोर्डले अन्तर्राष्ट्रिय अभ्यासलाई आधार मान्दै धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मार्फत धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण गर्दा पछिल्लो तीन वर्षको पुँजीकृत भएको आम्दानी, भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउन्टेड क्यास फ्लो) र अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्यांकनकर्ताले अपनाएको अन्य कुनै एक विधि अवलम्बन गरी प्राप्त हुने कूल मूल्यको औसत मूल्य वा पछिल्लो लेखापरीक्षण भएको प्रतिशेयर नेटवर्थको चार गुणाले हुन आउने मूल्य मध्ये जुन कम हुन्छ सोलाई प्रिमियम मूल्य कायम गर्नुपर्ने व्यवस्था गरिएको छ।

प्रिमियम मूल्य निर्धारणलाई पारदर्शी र यर्थाथपरक बनाउन भन्दै बोर्डले २०७३ साल साउन २५ गते सार्वजनिक निष्काशनको प्रिमियम मूल्य निर्धारण सम्बन्धी विधि लागू गरेको छ। जसअनुसार थप सार्वजनिक निष्काशनको प्रिमियम मूल्य गणना गर्दा खुद नाफा, डिस्काउन्टेड क्यास फ्लो, प्रतिशेयर खुद सम्पत्ति र १ सय ८० दिनको औसतबजार मूल्य विधिबाट प्राप्त हुने रकमबाट कूल मूल्यको औसत गणना गरी प्रिमियम मूल्य निर्धारण गर्ने व्यवस्था रहेको छ।

> केही संस्थाले आफूखुसी प्रिमियम मूल्य निर्धारण गर्ने गरेको भन्दै बोर्डले प्रिमियम मूल्य निर्धारणलाई पारदर्शी र यथार्थपरक बनाउन अन्तर्राष्ट्रिय अभ्यासलाई लागू गरिनुपर्ने जनाएको हो।

यसअघि नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले थप सार्वजनिक निष्काशन गर्न आवेदन दिँदा प्रतिशेयर २ हजार ९ सय ५१ रुपियाँ मूल्य प्रस्ताव गरेकोमा उपर्युक्त विधि लागू भए भएपछि उक्त कम्पनीले सो विधिअनुसार प्रतिशेयर १ हजार ४ सय २५ रुपियाँमा थप सार्वजनिक निष्काशन गरेको थियो।

त्यसैगरी नेपाल एसबीआइ बैंकले प्रतिशेयर ९ सय ७१ रुपियाँ, स्टान्डर्ड चार्टर्ड बैंक नेपालले प्रतिशेयर १ हजार २ सय ९० रुपियाँ प्रिमियम मूल्य निर्धारण गरी थप सार्वजनिक निष्काशन गरेका थिए।

# प्रदेश नम्बर ३ को बजेट पारित

नेपाल समाचारपत्र


हेटौंडा

प्रदेश नम्बर ३ सरकारको लागि आर्थिक वर्ष २०७५/७६ को बजेट प्रदेश संसद्ले मंगलबार बहुमतले पारित गरेको छ। आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको विनियोजन विधेयक पनि बहुमतले पारित गरिएको सभामुख सानुकुमार श्रेष्ठले संसद्मा घोषणा गर्नुभएको हो। दुवै विधेयक पारित गर्न आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

बजेट र विनियोजन विधेयक पारित हुनुपूर्व बजेटका विषयमा सांसद्हरूले उठाएका प्रश्नको जवाफ मुख्यमन्त्री डोरमणि पौडेलसहित ५ मन्त्रीले सदनमा जवाफ दिनुभएको थियो।

जिल्लामा ४० करोडदेखि ८० करोड रुपियाँसम्म बजेट परेको र यसलाई कार्यान्वयनतर्फ सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने मुख्यमन्त्री पौडेलले बताउनुभयो। मुख्यमन्त्री पौडेलले भन्नुभयो-'बजेट कार्यान्वयन गर्न धेरै चुनौती छन्। सांसद्हरूले बजेट पाएनौं भन्ने भन्दा पनि पाएको बजेटलाई सहीरुपमा कार्यान्वयन गर्नुपर्छ।' संसद् बैठकमा भौतिक पूर्वाधार विकास मन्त्री केशव स्थापितले प्रदेशका जिल्ला भन्दा बाहिर बजेट नहालिएकाले विरोध गर्नुको तुक नभएको बताउनुभयो। प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री ढुंगेलले बजेट नलुकाई बितरण गरिएको बताउनुभयो। अर्थ मन्त्रालयले बजेट लुकाएको छ भन्ने लाग्छ भने सबै मन्त्रालयमा हेर्न सांसद्हरूलाई उहाँले आग्रह गर्नुभयो। बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री अरूण नेपालले स्वरोजगार र उद्यम क्षेत्रका लागि बजेट छुट्याइएको बताउँदा कृषि, भूमि तथा सहकारी मन्त्री दावा दोर्जे लामा र सामाजिक विकास मन्त्री युवराज दुलालले बजेट लक्ष्यहीन नभएको र नागरिकका निम्ति ल्याइएको बताउनुभयो।

प्रदेश-३ सरकारले आर्थिक वर्ष २०७५/७६ का लागि ३५ अर्ब ६१ करोड ५६ लाख रुपियाँको बजेट पेश गरेको थियो। जसअन्तर्गत् आन्तरिक राजस्वबाट ९ अर्ब ३३ करोड ३६ लाख



७३ हजार, संघीय समानीकरण अनुदानबाट ५ अर्ब ९६ करोड ९७ लाख, राजस्व बाँडफाँडबाट ८ अर्ब १९ करोड ६६ लाख २७ हजार, सशर्त अनुदानबाट १० अर्ब ६१ करोड ५६ लाख र नगद मौज्दात ७० लाख रुपियाँ छ।

मुलुक संघीय संरचनामा गएपछि पहिलोपटक गठन भएका प्रदेश सरकारको यो पहिलो बजेट हो। संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड, चालू आवमा खर्च नभएर जोहो रहेको रकम र केही आन्तरिक स्रोतको अनुमानका आधारमा बजेट आएको हो।

मन्त्री ढुंगेलले स्थानीय तहलाई प्रमुख प्राथमिकतामा पार्दै १ सय १९ स्थानीय तहलाई ५ अर्ब २८ करोड ८२ लाख बजेट विनियोजन गर्नुभएको हो। प्रदेशको आधारको रुपमा रहेको पूर्वाधार विकास, पर्यटन तथा कृषिलाई उच्च प्राथमिकतामा राखिएको छ। प्रदेशको राजस्व दायरा वृद्धि गर्ने बजेटको मुख्य उद्धेश्य छ।

आव २०७४/७५ को कुल बजेटमध्ये मन्त्रालय एवम् निकायलाई विनियोजित ३८ करोड ३५ लाख प्रदेशस्तरीय मन्त्रालय एवम् निकायको कार्यसञ्चालन सम्बन्धी क्रियाकलाप सञ्चालनार्थ विनियोजन भएकाले सोको समग्र नतिजा चालू आर्थिक वर्षको अन्त्यसम्ममा प्राप्त हुने अपेक्षा छ। चालू आवको अर्थ बजेटमा राखिएको बचत रकम ६३ करोड ७० लाखलाई अगामी आवको आम्दानी स्रोतका रुपमा हिसाब मिलान गरिसकिएको छ।

चालू आवको जेठ मसान्तसम्म कुल विनियोजित रकम ३८ करोड ३५ लाखमध्ये ५ करोड २२ लाख अर्थात् १३.६१ प्रतिशत रकम खर्च भएको छ। बाँकी रकम चालू आवको अन्त्यसम्म खर्च हुने अनुमान छ। आव २०७५/०७६ का लागि स्रोत बाँडफाँड गर्दा कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण, पर्यटन प्रवर्द्धन र विकास, ऊर्जा र पूर्वाधार विकास, स्वास्थ्यमा सरल र सहज पहुँच, शिक्षाको गुणस्तर विकास, वन र वातावरण संरक्षण, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार, औद्योगिकीकरण र उत्पादकत्व वृद्धि, साझेदारी कार्यक्रम र एकीकृत वस्ती विकासलाई प्राथमिकतामा राखिएको छ।

# बुद्धले थप्यो ११औं जहाज

काठमडौं, (नेस)

हवाई सेवाप्रदायक निजी कम्पनी बुद्ध एयरले अर्को विमान थपेको छ। मंगलबार एटीआर कम्पनीद्वारा निर्मित कलसाइन नाइन एन एएमयु रहेको एटीआर ७२-५०० जहाज ल्याएको हो।

विमानले साउनको तेस्रो सातादेखि व्यावसायिक उडान भर्ने कम्पनीले जानकारी दिएको छ। यस अगाडि नै व्यावसायिक उडान भरिसकेको विमान कम्पनीले खरिद गरेको हो।

थपिएको एटीआर ७२-५०० जहाजसँगै बुद्ध एयरको जहाज संख्या ११ पुगेको छ। विमान फ्रान्सको टुलुज फ्रान्कजल विमानस्थलबाट इटाली, इजिप्ट, ओमान हुँदै काठमाडौं आइपुगेको हो।

अहिले थपिएको जहाजसँगै ६ वटा एटीआर ७२-५००, ३ वटा एटीआर ४२-३२० र दुई वटा बीचक्राफ्ट १९००'डी' छन्। कम इन्धन खपत गर्ने एटीआर जहाज वातावरणमैत्री मानिन्छ। आफ्ना अन्य एटीआर जहाजमा जस्तै यो जहाजमा पनि फराकिला र आरामदायी सिट रहेको कम्पनीले जनाएको छ।

# २२% रोपाइँ सकियो

काठमाडौं, (नेस)

१८ गतेसम्ममा मुलुकभर २२ दशलमव ७ प्रतिशतमात्र रोपाई सम्पन्न भएको छ। कृषि प्रसार निर्देशनालयका अनुसार उच्च पहाडी जिल्लामा ३८ दशलमव २१ प्रतिशत, मध्य पहाडी जिल्लामा २९ दशमलव शून्य ९ प्रतिशत र तराईका जिल्लामा १८ दशमलव ६५ प्रतिशतमात्र रोपाई सम्पन्न भएको छ।

निर्देशनालयका अनुसार मुलुकभर करिब १५ लाख ५२ हजार ५ सय हेक्टर क्षेत्रफल जमिनमा वर्षे धान रोपाई हुने गरेको छ। पर्याप्त सिंचाइको असुविधाका कारण अधिकांश क्षेत्रमा आकाशे पानीको भरमा धान खेती हुने गरेको छ।

पूर्वान्चल विकास क्षेत्रमा १६ दशमलव १९ पतिशत रोपाई सम्पन्न भएको छ भने मध्यमान्चल विकास क्षेत्रमा ११ दशमलव ६६ पतिशत रोपाई सम्पनन भएको छ। त्यसैगरी, पश्चिमान्चलमा २४ दशमलव ८४ प्रतिशत, मध्य पश्चिमान्चलमा २९ दशमलव ७२ प्रतिशत र सुदूरपश्चिमान्चल विकास क्षेत्रमा ५० दशमलव २१ प्रतिशत रोपाई सकिएको छ।

# SHARE MARKET

3 JULY TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 3991.00 | 308.00 | 302.00 | 305.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 832.00 | 283.00 | 275.00 | 278.00 | -2.00 |
| 3 | Arun Kabeli Power Ltd. | 1738.00 | 264.00 | 252.00 | 255.00 | -8.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 11521.00 | 150.00 | 146.00 | 146.00 | -7.00 |
| 5 | Asian Life Insurance Co. Limited | 8829.00 | 620.00 | 600.00 | 618.00 | -13.00 |
| 6 | Bank of Kathmandu Ltd. | 15291.00 | 261.00 | 250.00 | 257.00 | 6.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 620.00 | 149.00 | 147.00 | 147.00 | -2.00 |
| 8 | Bhargav Bikash Bank Ltd. | 400.00 | 127.00 | 127.00 | 127.00 | 2.00 |
| 9 | Butwal Power Company Limited | 5915.00 | 440.00 | 434.00 | 435.00 | -1.00 |
| 10 | Central Finance Co. Ltd. | 982.00 | 115.00 | 114.00 | 115.00 | 0.00 |
| 11 | Century Commercial Bank Ltd. | 11739.00 | 164.00 | 161.00 | 164.00 | 3.00 |
| 12 | Chhimek Laghubitta Bikas Bank Limited | 2506.00 | 885.00 | 853.00 | 868.00 | -2.00 |
| 13 | Chhyangdi Hydropower Ltd. | 174.00 | 139.00 | 137.00 | 139.00 | 0.00 |
| 14 | Chilime Hydropower Company Limited | 1025.00 | 734.00 | 727.00 | 727.00 | -8.00 |
| 15 | Citizen Bank International Limited | 7259.00 | 234.00 | 228.00 | 232.00 | -2.00 |
| 16 | Citizen Investment Trust | 10.00 | 2450.00 | 2450.00 | 2450.00 | 5.00 |
| 17 | Civil Bank Ltd | 26201.00 | 149.00 | 144.00 | 147.00 | 3.00 |
| 18 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 46.00 | 678.00 | 655.00 | 678.00 | 13.00 |
| 19 | Corporate Development Bank Limited | 365.00 | 102.00 | 100.00 | 102.00 | 2.00 |
| 20 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 194.00 | 728.00 | 724.00 | 725.00 | -5.00 |
| 21 | Deva Bikas Bank Limited | 1539.00 | 130.00 | 128.00 | 129.00 | -3.00 |
| 22 | Dibyashwori Hydropower Ltd. | 51.00 | 112.00 | 108.00 | 108.00 | -3.00 |
| 23 | Everest Bank Limited | 12155.00 | 650.00 | 640.00 | 650.00 | -5.00 |
| 24 | Everest Bank Limited Con. Pref. | 25.00 | 633.00 | 633.00 | 633.00 | 11.00 |
| 25 | Everest Insurance Co. Ltd. | 757.00 | 1285.00 | 1245.00 | 1246.00 | -44.00 |
| 26 | Excel Development Bank Ltd. | 465.00 | 332.00 | 322.00 | 322.00 | -8.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 8036.00 | 520.00 | 502.00 | 509.00 | -1.00 |
| 28 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 450.00 | 2136.00 | 2120.00 | 2125.00 | 20.00 |
| 29 | Gandaki Bikas Bank Limited | 1932.00 | 189.00 | 184.00 | 186.00 | 1.00 |
| 30 | Garima Bikas Bank Limited | 3096.00 | 176.00 | 170.00 | 175.00 | 2.00 |
| 31 | Global IME Bank Limited | 2693.00 | 288.00 | 280.00 | 282.00 | -2.00 |
| 32 | Global IME Lag. Bittiya Sanstha Ltd. | 179.00 | 1130.00 | 1120.00 | 1130.00 | -10.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 290.00 | 122.00 | 122.00 | 122.00 | 2.00 |
| 34 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 980.00 | 585.00 | 570.00 | 580.00 | 3.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 187.00 | 847.00 | 831.00 | 831.00 | -33.00 |
| 36 | Gurkhas Finance Ltd. | 7454.00 | 107.00 | 105.00 | 105.00 | 1.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 150.00 | 131.00 | 130.00 | 130.00 | 1.00 |
| 38 | Hamro Bikas Bank Ltd. Promoter Share | 30000.00 | 108.00 | 108.00 | 108.00 | 0.00 |
| 39 | Hathway Finance Company Limited | 260.00 | 129.00 | 123.00 | 123.00 | -8.00 |
| 40 | Himalayan Bank Limited | 291.00 | 540.00 | 537.00 | 540.00 | 4.00 |
| 41 | Himalayan Distillery Limited | 510.00 | 1212.00 | 1190.00 | 1190.00 | -34.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 3424.00 | 430.00 | 411.00 | 426.00 | 1.00 |
| 43 | Himalayan Power Partner Ltd. | 262.00 | 285.00 | 269.00 | 272.00 | -9.00 |
| 44 | ICFC Finance Limited | 2000.00 | 173.00 | 173.00 | 173.00 | 3.00 |
| 45 | IME General Insurance Ltd. | 250.00 | 865.00 | 860.00 | 865.00 | 5.00 |
| 46 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 7654.00 | 155.00 | 148.00 | 153.00 | 4.00 |
| 47 | Janaki Finance Ltd. | 2540.00 | 167.00 | 166.00 | 167.00 | 1.00 |
| 48 | Janata Bank Nepal Ltd. | 12476.00 | 152.00 | 148.00 | 151.00 | 0.00 |
| 49 | Janautthan Sam. Laghubitta Bikas Bank Ltd. | 72.00 | 2906.00 | 2799.00 | 2906.00 | 50.00 |
| 50 | Jebils Finance Ltd. | 800.00 | 105.00 | 104.00 | 105.00 | 3.00 |
| 51 | Jyoti Bikas Bank Limited | 2893.00 | 138.00 | 134.00 | 136.00 | 2.00 |
| 52 | Kabeli Bikas Bank Limited | 36.00 | 219.00 | 215.00 | 215.00 | -8.00 |
| 53 | Kailash Bikas Bank Ltd. | 3693.00 | 220.00 | 217.00 | 220.00 | 0.00 |
| 54 | Kalika Microcredit Dev. Bank Ltd. | 416.00 | 1270.00 | 1261.00 | 1261.00 | -9.00 |
| 55 | Kamana Sewa Bikas Bank Limited | 7821.00 | 143.00 | 138.00 | 138.00 | -6.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 5550.00 | 126.00 | 124.00 | 124.00 | 1.00 |
| 57 | Karnali Development Bank Limited | 13.00 | 107.00 | 107.00 | 107.00 | -1.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 174.00 | 111.00 | 110.00 | 111.00 | -1.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 60.00 | 1511.00 | 1481.00 | 1511.00 | 0.00 |
| 60 | Kumari Bank Limited | 29660.00 | 202.00 | 198.00 | 200.00 | 0.00 |
| 61 | Laxmi Bank Limited | 16750.00 | 266.00 | 248.00 | 260.00 | 12.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 251.00 | 1041.00 | 1021.00 | 1025.00 | -15.00 |
| 63 | Life Insurance Co. Nepal | 491.00 | 1520.00 | 1491.00 | 1491.00 | -54.00 |
| 64 | Lumbini Bikas Bank Ltd. | 1984.00 | 145.00 | 141.00 | 145.00 | 3.00 |
| 65 | Lumbini General Insurance Co. Ltd. | 924.00 | 525.00 | 512.00 | 525.00 | 10.00 |
| 66 | Machhapuchhre Bank Limited | 4896.00 | 212.00 | 204.00 | 208.00 | 0.00 |
| 67 | Mahalaxmi Bikas Bank Ltd. | 10924.00 | 170.00 | 164.00 | 170.00 | 3.00 |
| 68 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 101.00 | 686.00 | 676.00 | 676.00 | -24.00 |
| 69 | Mahuli Sam. Laghubitta Bittiya San. Ltd. | 235.00 | 2577.00 | 2540.00 | 2541.00 | -20.00 |
| 70 | Manjushree Finance Ltd. | 100.00 | 122.00 | 122.00 | 122.00 | 2.00 |
| 71 | Mega Bank Nepal Ltd. | 11770.00 | 157.00 | 154.00 | 156.00 | 1.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 558.00 | 1035.00 | 1010.00 | 1010.00 | -44.00 |
| 73 | Mirmire Microfinance Dev. Bank Ltd. | 121.00 | 1450.00 | 1440.00 | 1450.00 | -10.00 |
| 74 | Miteri Development Bank Limited | 259.00 | 280.00 | 280.00 | 280.00 | 0.00 |
| 75 | Muktinath Bikas Bank Ltd. | 6889.00 | 367.00 | 357.00 | 360.00 | 0.00 |
| 76 | Muktinath Bikas Bank Ltd. Pro. Share | 4500.00 | 217.00 | 217.00 | 217.00 | 0.00 |
| 77 | Nabil Bank Limited | 5734.00 | 926.00 | 918.00 | 920.00 | 0.00 |
| 78 | NABIL Bank Limited Promotor Share | 6236.00 | 705.00 | 695.00 | 700.00 | 0.00 |
| 79 | Nabil Equity Fund | 1593.00 | 9.02 | 8.85 | 8.85 | -0.17 |
| 80 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 901.00 | 2440.00 | 2350.00 | 2390.00 | -45.00 |
| 81 | National Hydro Power Company Limited | 3200.00 | 80.00 | 79.00 | 79.00 | 0.00 |
| 82 | National Life Insurance Co. Ltd. | 7905.00 | 1190.00 | 1166.00 | 1173.00 | -9.00 |
| 83 | National Microfinance Bittiya Sanstha Ltd. | 360.00 | 2160.00 | 2115.00 | 2150.00 | 61.00 |
| 84 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 100.00 | 2000.00 | 2000.00 | 2000.00 | -19.00 |
| 85 | Neco Insurance Co. Ltd. | 2982.00 | 521.00 | 513.00 | 515.00 | 1.00 |
| 86 | Nepal Bangladesh Bank Limited | 15786.00 | 210.00 | 206.00 | 210.00 | 2.00 |
| 87 | Nepal Bank Limited | 13245.00 | 287.00 | 284.00 | 285.00 | 1.00 |
| 88 | Nepal Community Dev. Bank Ltd. | 410.00 | 121.00 | 121.00 | 121.00 | 1.00 |
| 89 | Nepal Credit And Comm. Bank Limited | 2898.00 | 233.00 | 227.00 | 233.00 | 2.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 7796.00 | 722.00 | 712.00 | 717.00 | -2.00 |
| 91 | Nepal Hydro Developers Ltd. | 90.00 | 177.00 | 171.00 | 171.00 | -4.00 |
| 92 | Nepal Insurance Co. Ltd. | 365.00 | 622.00 | 610.00 | 622.00 | 12.00 |
| 93 | Nepal Investment Bank Limited | 10542.00 | 625.00 | 610.00 | 615.00 | 0.00 |
| 94 | Nepal Investment Bank Ltd. Pro. Share | 850.00 | 551.00 | 539.00 | 545.00 | 10.00 |
| 95 | Nepal Life Insurance Co. Ltd. | 2732.00 | 1005.00 | 987.00 | 994.00 | 3.00 |
| 96 | Nepal SBI Bank Limited | 2266.00 | 495.00 | 487.00 | 490.00 | 3.00 |
| 97 | Nerude Laghubita Bikas Bank Limited | 400.00 | 650.00 | 644.00 | 644.00 | 7.00 |
| 98 | Ngadi Group Power Ltd. | 276.00 | 169.00 | 164.00 | 169.00 | 2.00 |
| 99 | NIBL Samriddhi Fund 1 | 4500.00 | 10.40 | 10.40 | 10.40 | -0.10 |
| 100 | NIC Asia Bank Limted Promoter Share | 11128.00 | 175.00 | 175.00 | 175.00 | 0.00 |
| 101 | NIC Asia Bank Ltd. | 7603.00 | 312.00 | 306.00 | 311.00 | 5.00 |
| 102 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 2562.00 | 1040.00 | 980.00 | 986.00 | -34.00 |
| 103 | NLG Insurance Company Ltd. | 500.00 | 875.00 | 875.00 | 875.00 | 2.00 |
| 104 | NMB Microfinance Bittiya Sanstha Ltd. | 146.00 | 1367.00 | 1341.00 | 1360.00 | 0.00 |
| 105 | NMB Bank Limited | 10252.00 | 343.00 | 338.00 | 339.00 | -1.00 |
| 106 | NMB Hybrid Fund L-1 | 3996.00 | 8.99 | 8.81 | 8.81 | -0.18 |
| 107 | NMB Sulav Investment Fund-1 | 167000.00 | 11.50 | 11.40 | 11.40 | -0.10 |
| 108 | Om Development Bank Ltd. | 807.00 | 173.00 | 167.00 | 170.00 | 1.00 |
| 109 | Oriental Hotels Limited | 954.00 | 510.00 | 505.00 | 505.00 | -9.00 |
| 110 | Pokhara Finance Ltd. | 1276.00 | 135.00 | 132.00 | 135.00 | 0.00 |
| 111 | Prabhu Bank Limited | 17772.00 | 180.00 | 175.00 | 176.00 | -1.00 |
| 112 | Prabhu Insurance Ltd. | 1352.00 | 505.00 | 500.00 | 500.00 | 8.00 |
| 113 | Premier Insurance Co. Ltd. | 2652.00 | 1130.00 | 1101.00 | 1111.00 | -4.00 |
| 114 | Prime Commercial Bank Ltd. | 42138.00 | 280.00 | 273.00 | 278.00 | -1.00 |
| 115 | Prime Life Insurance Company Limited | 6717.00 | 524.00 | 510.00 | 511.00 | -6.00 |
| 116 | Prudential Insurance Co. Ltd. | 2609.00 | 762.00 | 760.00 | 760.00 | -2.00 |
| 117 | Purnima Bikas Bank Ltd. | 426.00 | 174.00 | 170.00 | 172.00 | 0.00 |
| 118 | Radhi Bidyut Company Ltd | 340.00 | 222.00 | 214.00 | 217.00 | -1.00 |
| 119 | Rairang Hydropower Dev. Co. Ltd. | 270.00 | 199.00 | 183.00 | 183.00 | -20.00 |
| 120 | Rastriya Beema Company Limited | 130.00 | 10750.00 | 10600.00 | 10601.00 | 1.00 |
| 121 | Rastriya Beema Co. Limited Pro. Share | 110.00 | 9850.00 | 9800.00 | 9850.00 | 50.00 |
| 122 | Reliance Finance Ltd. | 6136.00 | 120.00 | 118.00 | 118.00 | -2.00 |
| 123 | Ridi Hydropower Dev. Company Ltd. | 4835.00 | 129.00 | 122.00 | 125.00 | 5.00 |
| 124 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 301.00 | 651.00 | 628.00 | 640.00 | 0.00 |
| 125 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2468.00 | 510.00 | 500.00 | 500.00 | -5.00 |
| 126 | Sagarmatha Insurance Co. Ltd. | 400.00 | 1300.00 | 1281.00 | 1281.00 | -18.00 |
| 127 | Samata Microfinance Bittiya Sanstha Ltd. | 95.00 | 1350.00 | 1274.00 | 1323.00 | 23.00 |
| 128 | Sana Kisan Bikas Bank Ltd | 251.00 | 1125.00 | 1108.00 | 1108.00 | -17.00 |
| 129 | Sanima Bank Limited | 12132.00 | 323.00 | 319.00 | 323.00 | 3.00 |
| 130 | Sanima Equity Fund | 41000.00 | 9.12 | 9.00 | 9.12 | 0.12 |
| 131 | Sanima Mai Hydropower Ltd. | 3784.00 | 330.00 | 320.00 | 326.00 | 0.00 |
| 132 | Saptakoshi Development Bank Ltd. | 776.00 | 120.00 | 114.00 | 114.00 | -5.00 |
| 133 | Shangrila Development Bank Ltd. | 1480.00 | 152.00 | 150.00 | 150.00 | -1.00 |
| 134 | Shikhar Insurance Co. Ltd. | 585.00 | 920.00 | 893.00 | 911.00 | 5.00 |
| 135 | Shine Resunga Development Bank Ltd. | 1402.00 | 272.00 | 267.00 | 272.00 | 2.00 |
| 136 | Siddhartha Bank Limited | 5094.00 | 299.00 | 293.00 | 298.00 | 3.00 |
| 137 | Siddhartha Bank Limited Pro. Share | 118934.00 | 195.00 | 195.00 | 195.00 | 0.00 |
| 138 | Siddhartha Equity Fund | 3000.00 | 9.02 | 9.00 | 9.02 | 0.10 |
| 139 | Siddhartha Equity Orineted Scheme | 4000.00 | 10.95 | 10.95 | 10.95 | -0.05 |
| 140 | Siddhartha Insurance Ltd. | 765.00 | 660.00 | 647.00 | 660.00 | 5.00 |
| 141 | Sindhu Bikash Bank Ltd | 500.00 | 128.00 | 128.00 | 128.00 | 0.00 |
| 142 | Soaltee Hotel Limited | 1972.00 | 237.00 | 232.00 | 237.00 | 2.00 |

Total Amount Rs. 218,198,998 Total Quantity 915,136 Total No of Transactions 3,365

२०७५, असार
बुधबार
२०

भारतको रक्सौल सिमा क्षेत्रमा भन्दा पेट्रोल प्रतिलिटर २१ रुपियाँ ६१ पैसा र डिजेल प्रतिलिटर २४ रुपियाँ १९ पैसाले अझै नेपालतर्फ सस्तो रहेको हुँदा चुनौती रहेको बताइएको छ।




# क्षेत्रीय आर्थिक विकासका लागि पूर्वाधारमा जोड

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले भारतको नयाँ दिल्लीमा आयोजना भइरहेको सार्क विकास कोषको साझेदारी सम्मेलन-२०१८ लाई सम्बोधन गर्दै नेपालमा लगानीका लागि सार्क क्षेत्रका लगानीकर्ताहरूलाई आग्रह गर्नु भएको छ।

सार्क सदस्य राष्ट्रका सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरू, नीति निर्माताहरू, अर्थशास्त्रीहरू, सार्क सचिवालय, सार्क उद्योग वाणिज्य संघको सहभागिता रहेको उक्त सम्मेलनको दोस्रो प्राविधिक सत्रमा सामाजिक शीर्षक अन्तर्गत गरिबी निवारण, मानव विकास, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा सहवित्तीयकरणका लागि सम्भावित परियोजनाको पहिचान विषयक विशेष सत्रलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष राणाले सो आग्रह गर्नु भएको हो।

आइफाडका एसिया प्रशान्त क्षेत्रीय अर्थशास्त्री फेब्रिजीओ ब्रेससिआनीको अध्यक्षतामा आयोजित उक्त सत्रमा नेपालको निजी क्षेत्रको धारणा राख्नु हुँदै अध्यक्ष राणाले क्षेत्रीय आर्थिक विकासका लागि पूर्वाधार विकासमा जोड दिनुभयो। दक्षिण एशियाली राष्ट्रहरूको अर्थतन्त्रमा साना तथा मझौला उद्योगहरूको निकै ठूलो योगदान रहेकाले एसएमइजहरूलाई पछिल्लो प्रविधिहरूले सुसज्जित बनाउन र यस क्षेत्रमा प्रविधि आदान प्रदानमा विशेष जोड दिनुपर्ने अध्यक्ष राणाको सुझाव थियो। अध्यक्ष राणाले नेपाल दक्षिण एसियामा लगानीका लागि उर्वर क्षेत्र रहेकाले पर्यटन, पूर्वाधार, जलस्रोत, कृषि लगायतका महत्त्वपूर्ण क्षेत्रमा लगानी गर्न पर्याप्त अवसर रहेको जानकारी गराउनुभयो। अध्यक्ष राणाले सदस्य राष्टहरू बीच सम्पर्क (जल, स्थल, हवाई) विस्तार, सहज आवागमन तथा सिमापार व्यापारमा पनि जोड दिनुभयो। उहाँले क्षेत्रीय स्तरमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालाको विस्तार, महिला सशक्तिकरण तथा समावेशी अर्थतन्त्रको विकासमा पनि आफ्नो धारणा राख्नुभयो।

उक्त सम्मेलनमा सहवित्तीयकरणका लागि पर्यटन, साना तथा मझौला उद्यम, कृषि, क्षेत्रीय प्रयोगशाला, ऊर्जा लगायतका सम्भावित क्षेत्रमा परियोजनाहरू प्रस्ताव गरिएको छ। अध्यक्ष राणासँगै उक्त सम्मेलनमा महासंघको प्रतिनिधिमण्डलले भाग लिइरहनु भएको छ।




# जनताको ढाड सेक्ने गरी महानगरपालिकाद्वारा कर वृद्धि

विराटनगर, (नेस)

विराटनगर महानगरपालिकाले सिफारिस, सेवा शुल्क तथा दस्तुरमा जनताको ढाड सेक्ने गरी करमा भारी वृद्धि गरेको छ। जनप्रतिनिधिले पहिलोपटक नगरबासीलाई कर वृद्धि गरेर आर्थिक भार थोपरेका छन्। जनतालाई राहत हुने गरी दस्तुर घट्ला भन्ने आशा राखेका आमनगरबासीले आउँदो वर्षदेखि साविक सेवा शुल्क र दस्तुरमा ३३ प्रतिशत बढी कर तिर्नुपर्नेछ। महानगरपालिकाका प्रमुख, उपप्रमुख, अन्य पदाधिकारी तथा सदस्यले राजस्वका दर नभई दायरा वृद्धि हुने भनी बारम्बार गरेको प्रतिबद्धताविपरीत दर रेटमा वृद्धि गरिएको हो।

महानगरको दोस्रो नगरपरिषद् असार १० गते भएको थियो। यसपछि मंगलबार भएको नगरपरिषद्को बन्दसत्रले आर्थिक ऐन २०७५ पारित गरेको हो। यो निर्णयको सर्वत्र आलोचना हुन थालेको छ। नागरिक समाज तथा टोल संगठनले निर्णय तत्कालै फिर्ता लिन माग गरिसकेका छन्।

महानगरका प्रमुख प्रशासकीय अधिकृत कुमारप्रसाद दाहालले महानगरले आन्तरिक स्रोतबाट जुटाउनुपर्ने ५४ करोड रुपियाँका लागि करका दर र दायरा दुवै वृद्धि गर्नुपरेको बताउनुभयो। महानगरले वैवाहिक अंगीकृत नागरिकताको सिफारिस गर्दा यसअघि १ सय ५० रुपियाँ लिँदै आएकोमा अब ५ हजार तिर्नुपर्ने भएको छ। त्यस्तै नागरिकताको प्रतिलिपि सिफारिस १० बाट ५०, घटना दर्ता-मृत्यु-जन्म-विवाहजस्ता सिफारिसको १ सयबाट ५ सय, स्थायी बसोबाससम्बन्धी सिफारिस १ सयबाट ५ सय र मोही जग्गा वा अन्य नामसारी सिफारिसमा ५ सय ५ बाट १ हजार तोकेको छ।

# नेपाल टेलिकमद्वारा मिर्मिमा टेलिफोन क्षमता विस्तार

**नेपाल समाचारपत्र**

काठमाडौं




नेपाल टेलिकम गल्याङले स्याङ्जाको पर्यटकीय क्षेत्रको रुपमा रहेको मिर्मिमा पीएसटीएन टेलिफोन लाइन तथा एडीएसएल वितरणको क्षमतामा विस्तार गरेको छ। विस्तार पश्चात अब पीएसटीएन तथा एडीएसएल सेवाका नयाँ उपभोक्ताहरूले सहजै सेवा प्राप्त गर्ने भएका छन्।

नेपाल टेलिकम गल्याङका कार्यालय प्रमुख राम राज उपाध्यायका अनुसार मिर्मिका उपभोक्ताहरूले नयाँ लाइन नपाएका कारण एडीएसएल समेत चलाउन नपाएको अत्याधिक गुनासो गरेपछि उपभोक्ताको माग सम्बोधन स्वरुप हाललाई यस अघि वितरित लाइन भन्दा ४८ लाइनको क्षमता मात्रै विस्तार गरिएको हो। तथापि, आगामी दिनमा माग बढ्दै गए पुन: क्षमता विस्तार गर्दै लगिनेछ उहाँले भन्नुभयो।

समयमा नयाँ लाइन नपाएका कारण विगत दुई महिनादेखि लाइनको पर्खाइमा रहेको प्राइम कमसियल बैंक मिर्मि शाखाले अब आफूलाई आवश्यक लाइन तुरुन्त पाइने भएकोमा खुशी लागेको बैंकका शाखा प्रबन्धक लोक बहादुर कुँवरले बताउनुभयो। नेपाल टेलिकमद्वारा वितरित पिएसटिएन फिक्ड लाइन भरपर्दो टेलिफोनका रुपमा लिइन्छ भने सोमार्फत फाइभ एमबिपिएस स्पिड क्षमता भएको हाईस्पिड ब्रोडव्याण्ड एडिएसएल इन्टरनेट समेत सहजै चलाउन सकिन्छ।

# निगमले साविककै मूल्यमा इन्धन बेच्ने

काठमाडौं, (नेस)

नेपाल आयल निगमसँग नयाँ मूल्यसूची आएको भए पनि साविकै मूल्य सूचीमा पेट्रोलियम पदार्थ बिक्री गर्ने भएको छ। निगमद्वारा जारी प्रेस विज्ञप्तिअनुसार अन्तर्राष्ट्रिय बजार मूल्य बढी सकेको स्थितिमा भारतीय आयल कर्पोरेसनबाट १ जुलाई २०१८ देखि लागू हुने गरी नयाँ मूल्यसूची प्राप्त भएको छ। पेट्रोलियम पदार्थको नयाँ मूल्य र निगमले २०७१ असोजदेखि प्रचलनमा ल्याएको स्वत:निर्धारण मूल्य संरचना बमोजिम मूल्यको विस्तृत विश्लेषण गर्दा हाल बिक्री मूल्य थपघट गर्नुपर्ने हिसाबले नआएकाले १५ दिनपछि अर्को नयाँ मूल्य प्राप्त नहुन्जेलसम्म साविककै मूल्यमा बिक्री गर्ने जनाएको छ।

हाल निगमले पेट्रोल, मट्टितेल र हवाई इन्धनको पाक्षिक घाटा ३ करोड ६२ लाख रुपियँ रहेको जनाएको छ। अन्तर्राष्ट्रिय बजार मूल्यअनुसार नेपालले पेट्रोलियम पदार्थ बिक्री गर्न नसक्दा घाटा भएको बताएको छ। साविकै बिक्री मूल्य र नयाँ खरिद मूल्य बमोजिम पेट्रोलमा प्रतिलिटर १ रुपियाँ ६७ पैसा नाफा छ भने डिजेलमा प्रतिलिटर रु ०.६७ र एलपी ग्याँसमा प्रतिसिलिन्डर २३३ रुपियाँ ९० पैसा घाटा रहेको निगमको भनाइ छ। पेट्रोल, मट्टितेल र हवाइ इन्धनको नाफा मिलान गर्दा पनि पाक्षिक करोडौ घाटा हुने गरेको निगमका प्रवक्ता वीरेन्द्र गोइतले जानकारी दिनुभयो।

# बूढीगण्डकीका लागि इन्धनबाट साढे २२ अर्ब संकलन

**नेपाल समाचारपत्र**

काठमाडौं

बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि सरकारले पेट्रोलियम पदार्थमा लगाएको पूर्वाधार करबाट हालसम्म २१ अर्ब ४२ करोड रुपियाँ संकलन भएको छ।

बूढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीबाट निर्माण गर्न सरकारले इन्धन आयातमा ५ रुपियाँ प्रतिलिटरको पूर्वाधार र कार्बन कर लगाउँदै आएको छ। नेपालमा इन्धन खपतको बिगत १० वर्षको तथ्यांक अनुसार प्रत्येक वर्ष १५ देखि २० प्रतिशत वृद्धि भएको देखिन्छ। सोही आधारमा आगामी १० वर्षमा इन्धनको खपतको वृद्धि दर १० प्रतिशत प्रतिवर्ष मात्र हुने प्रक्षेपण गर्ने हो भने पनि करिब १ खर्ब ६४ अर्ब रुपियाँ पूर्वाधार कर बापतको रकम जम्मा हुने देखिन्छ।

बूढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि वार्षिक रूपमा बजेट विनियोजन गर्ने तथा इन्धनमा लगाइने र कार्बन करसमेतलाई स्वदेशी स्रोंत सम्भाव्यताको प्रमुख आधार मानिएको छ। सरकारले आव २०७२/७३ देखि पेट्रोलियम पदार्थमा प्रतिलिटर ५ रुपियाँमा पूर्वाधार कर लगाउने निर्णय गरेको थियो। सरकारले उपभोक्तालाई अतिरिक्त भार नपर्ने गरी आयल निगमले आयात गर्ने पेट्रोल, डिजेल र हवाई इन्धनमा भन्सार विन्दूमै कर लगाउने घोषणा गरेको भए पनि निमगले त्यो कर उपभोक्तासँगै असुल्दै आएको छ।

यसअघि सरकारले पेटोलियम पदार्थमा भन्सार शूल्क, प्रज्ञापन पत्र शूल्क, सडक मर्मत संभार शूल्क, प्रदुषण शूल्क मूल्य अभिवृद्धि कर लिँदै आएको छ।

# सिटिजन्स बैंक र स्टार हस्पिटलबीच सम्झौता

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनल र स्टार हस्पिटलबीच सहकार्य भएको छ। बैंकका ग्राहक वर्गलाई अस्पतालको सेवा शुल्कमा विशेष छुट दिने उद्देश्यले समझदारी पत्रमा हस्ताक्षर भएको छ।



उक्त सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख सञ्चालन अधिकृत पारसकुमार काफ्ले तथा अस्पतालका तर्फबाट प्रबन्ध निर्देशक डा. शैल रुपाखेतीले हस्ताक्षर गरेका हुन्। यस सम्झौतापश्चात सिटिजन्स बैंकका डेबिट र क्रेडिट कार्डवाहकले स्टार हस्पिटलमा उपचार गराउँदा विशेष छुट पाउने छन्। सिटिजन्स बैंकले देशैभरी रहेका आफ्ना ७४ वटा शाखा, ७० वटा एटीएम र ९९ वटा शाखारहित बैंकिङ इकाईबाट करिब ३ लाख ३५ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ। त्यसैगरी यस बैंकले आफ्ना ग्राहक वर्गलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधा, रेमिट्यान्स सेवा, बैकास्योरेन्स, आस्बा, ड्राफ्ट, भिसा एटीएम कार्ड सेवा, भिसा इन्टरनेसनल डलर कार्ड सेवा, साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधा पनि उपलब्ध गराउँदै आएको छ।





KMC Educational Network

कक्षा ११ को प्रवेश परीक्षा सम्बन्धी सूचना

फाराम वितरण २०७५/०३/१० गते देखि

NATIONAL SECONDARY SCHOOL
Balkumari, Lalitpur, Nepal
Tel: 5201331/34
www.nationalcampus.edu.np

प्रवेश परीक्षा: आषाढ २२ गते (विज्ञान) (Paper Based)
साथै कानुन र व्यवस्थापन संकायका लागि हरेक दिन Computer Based Exam भइरहेकोले भर्ना हुन चाहने विद्यार्थीहरुले यथाशिघ्र सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

काठमाडौं मोडेल मा. वि.
बागबजार, काठमाडौं
फोन: ०१-४२४२१२१, ४२४२०१५
www.ktmmodelcollege.edu.np

प्रवेश परीक्षा: आषाढ २४ गते (विज्ञान) (Paper Based)
साथै व्यवस्थापन संकायका लागि हरेक दिन Computer Based Exam भइरहेकोले भर्ना हुन चाहने विद्यार्थीहरुले यथाशिघ्र सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

